धुलिखेल नगरसभाको नवौं अधिवेशनमा नगर प्रमुख
श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट
## मिति २०७८ असार ७ गते

# धुलिखेल नगरपालिका
## Dhulikhel Municipality
## नगर कार्यपालिकाको कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

# धुलिखेल नगरपालिकाको नवौं नगर सभामा नगर प्रमुख श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठले प्रस्तुत गर्नु भएको बजेट नीति तथा कार्यक्रम

**सूचना, संचार तथा प्रविधि तर्फः**

1. पत्रकारिता क्षेत्रको, प्रर्वद्धन एवम् विकासका लागि पत्रकार महासंघ लगायत संचारक्षेत्र सम्बद्ध निकायहरुसँग समन्वय गरी संचारमैत्री कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ। एकै स्थानवाट सूचना तथा सञ्चारको ब्यवस्थापनका लागि मिडिया सेन्टर को स्थापना गर्ने कार्य प्रारम्भ गरिनेछ।

2. राजस्व संकलन सेवा लगायत सहज सूचना प्रवाहको लागि  ८ वटा वडा कार्यालयसम्म आफ्नै फाइबर मार्फत पुर्याइएको र बाकीं ४ वटा वडाहरुमा यसै वर्ष आफ्नै अप्टिकल फाइबर जडान गरी नगरपालिका केन्द्रसँग सोझै जोडिने छ। यसबाट वडाहरुमा इन्टरनेट राजश्व संकलन, सिसि क्यामेरा सर्भेलेन्स, ई हाजिरी व्यवस्थापन लगायतका कार्यमा सहजीकरण हुनेछ।

3. नगरपालिकाको प्रशासनिक कार्यलाई व्यवस्थित बनाउँन र कागज रहित तथा अनलाईन सेवाको प्रबर्द्धन गर्न आवश्यक सूचना प्रविधि पूर्वाधार सहित यस क्षेत्रमा प्रयोग भईरहेका सफ्टवेयर तथा मोवाईल एप्लिकेशनहरुको प्रयोगमा जोड दिईने छ।

4. सबै कर्मचारीहरुलाई सूचना प्रबिधि मैत्री बनाउनको लागि सूचना प्रबिधि सम्बन्धि प्रशिक्षण कार्यक्रम संचालन गरिने छ।

5. नगर भित्रका सम्पूर्ण डाटा व्यवस्थापन को लागि आफ्नै सर्भरको व्यवस्था गरिएको छ। साथै आर्थिक कारोबार लाइ Cyber threats  बाट बचाउनको लागि Firewall system,SSL,सर्भर अपग्रेड र डाटा ब्याकअपको ब्यवस्थापन गरेको छु।

6. योजनाको काम मुल्यांकन तथा सिफारिस लगायतका काम लाई छिटो छरितो र सहज बनाउने प्रयोजनको लागि इन्टीग्रेटेड सफ्टवेयरको निर्माण गरि प्रयोगमा ल्याईने छ।

**सेवा प्रवाह, संस्थागत विकास तथा सुशासन**

7. सेवाग्राहीको अधिकारलाई सम्वोधन सवै वडा कार्यालय र विषयगत इकाइमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र जारी गरिएको मा सो को प्रभावकारी कार्यान्वयनका लागि कर्मचारीहरुलाई उत्तरदायी बनाईने छ। यसबाट नगरपालिकाको सेवा प्रवाह अझै प्रभावकारी र विश्वसनीय हुने विश्वास लिइएको छ।

8. सेवा प्रवाहका हरेक क्षेत्रमा प्रबिधिको विकास तथा बिस्तार गरी E-Governance लाई तिव्रता दिईने छ। सेवाहरुलाई प्रथम चरणमा कम्प्युटर प्रबिधिमा आधारित तथा दोस्रो चरणमा इन्टरनेटमा आधारित online Service बनाई प्रवाह गर्ने नीति रहेको छ। अनलाईन मार्फत उपलव्ध गराउन सकिने सबै प्रकारका सेवाहरुलाई ईमेल इन्टरनेटको माध्यमबाटै उपलव्ध गराउन **Digital Demand, Digitally Serve** को नीति अवलम्वन गरिनेछ।

9. आम नगरबासीलाई सेवा तथा सूचना दिने प्रयोजनको लागि नगरले मोवाइल एप संचालनमा ल्याईएको छ। नगरपालिकाबाट जारी गरिने सेवा तथा सेवा लिन सम्पर्क राख्नु पर्ने स्थानहरु, ए वम् सूचना तथा सार्वजनिक जानकारीका विषयहरुको अलावा नागरिकरुको दैनिकी संग जोडिएका विविध विषयहरु यस एप मार्फत नगरबासीको हात हातमा पुऱ्याइनेछ।

10. नगरपालिकाबाट उपलब्ध हुने सेवाहरु असहाय, अपाङ्ग, बृद्ध—बृद्धा एवम् दृष्टिविहिनहरुलगायत सबै प्रकारका फरक शारीरिक क्षमताका नागरिकले प्राप्त गर्ने गरी नागिरकमैत्री वातावरणको व्यवस्था मिलाईने छ।

11. कर्मचारीहरुको कार्य सम्पादनमा अधारित प्रोत्साहन प्रणाली यसै श्रावण महिना देखि लागु गरिने छ। कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन पद्दतिलाई प्रभावकारी र वैज्ञानिक बनाई सेवामुखी एवम् जवाफदेही बनाइनेछ।

12. पारदर्शिता एवम् सुशासनका लागि नगरपालिकासँग सम्बन्धित सूचनाहरुलाई विद्युतीय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकीकरण गरिनेछ। राजपत्रको नियमित प्रकाशनको व्यवस्था गरिनेछ। नगरपालिकाले तर्जुमा गरेका सबै नीति तथा कानूनहरु नगरपालिकाको वेवसाइटमार्फत सार्वजनिक गरिनेछ। वेवसाईट नियमित रुपमा अद्यावधिक गर्ने व्यवस्था मिलाएको छु।

13. नगरपालिकाको संगठनात्मक संरचना तथा आवश्यक कर्मचारी दरबन्दी गत परिषदबाट स्वीकृत भई सञ्चालन हुँदै आएकोमा स्थानीय पुनःसंरचना पश्चात्को संगठनात्मक स्वरुप बमोजिम दरवन्दी व्यवस्थामा पुनरावलोकन गरिनेछ।

14. वडा तथा नगरपालिकामा कार्यरत कर्मचारीको क्षमता विकास गर्न कार्य क्षमता तथा रुचीको आधारमा सरुवा तथा जिम्मेवारी हेरफेरको नीति अवलम्बन गरिनेछ।

15. नगरपालिकाको संस्थागत क्षमता अभिबृद्धि तथा मानव संसाधन विकासका लागि नगर क्षमता विकास योजना तर्जूमा गरिनेछ।

16. वडा कार्यालयलाई नागरिकहरुको पहिलो र नजिकको सरकारको रुपमा विकास गरिनेछ। वडा कार्यालयहरुलाई भौतिक सुविधा सम्पन्न गरिदै लगिनेछ र आवश्यक जनशक्तिको

व्यवस्था गरिनेछ। प्रत्येक कार्यालयहरुमा रहेका नागरिक वडापत्र नियमित अद्यावधिक गरिनेछ।

17. नगरपालिकामा आबश्यक र उपयुक्त थप कानूनहरुको तयार गरी नगरवासीहरुलाई सरल, सहज र प्रभावकारी सेवा प्रदान गरिनेछ।

18. यस नगरपालिका क्षेत्रलाई सुशासन मैत्रीनगर Good Governance Friendly City बनाउन आवश्यक कार्यारम्भ विगत वर्षबाट सुरुवात गरिएकोमा उक्त कार्यलाई प्रभावकारी बनाउन निरन्तरता दिई सुशासनको अनभूति दिलाउने गरी सेवा तथा कार्यक्रम सञ्चालनको नीति लिइनेछ।

19. नगरपालिकाबाट सम्पादन हुने हरेक आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता कार्यहरुबाट पारदर्शिता एवम् स्थानीय सुशासन कायम गरिनेछ। गुनासो सुन्ने र समाधान गर्ने परिपाटीको विकास गरिनेछ। सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी र बिश्वसनीय बनाइनेछ। ईबिडिङ प्रणालीलाई कार्यान्वयन गरिनेछ। गुणस्तर मापदण्ड बनाई लागू गरिनेछ। विकास कार्यहरुको ब्यवस्थित अनुगमन नीति तथा प्रणाली स्थापना गरी कार्यान्वयन गरिनेछ।

20. नगरपालिका उत्कृष्ट काम गर्ने कर्मचारीहरु तथा नगरपालिकाको समग्र विकासमा उत्कृष्ट योगदान दिने महानुभावहरुलाइ नगर स्थापना दिवसको अवसरमा पुरस्कृत गर्ने नतिलाइ नरन्तरता दिइने छ।

21. कार्यालयमा रहेका पुराना सवारी साधनहरुको मर्मत सम्भार खर्च अत्यधिक हुने गरेकाले यस्ता सवारी साधन लिलाम विक्रि वा अन्य निकायलाई हस्तान्तरणको प्रक्रिया सम्पन्न गरिनेछ।

22. नगरपालिकाबाट भवन निर्माण ईजाजतमा ढिलासुस्ती र हैरानी भएको भन्ने सेवाग्राहीको गुनासोलाई सम्बोधन गर्न नगरपालिकाका कर्मचारीहरुबाटै नक्सा डिजाईन गरिदिने व्यवस्था मिलाईने छ। सो कार्यको लागि सेवाग्राहीबाट न्यूनतम शुल्क लाग्ने व्यवस्था मिलाई नक्सा डिजाईनमा संलग्न कर्मचारीहरुलाई अतिरिक्त प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ।

23. आर्थिक पारदशिताको लागि वडा कार्यालयमा कार्यरत विषयगत शाखाका कर्मचारी, वडा सचिव तथा उपभोक्ता समिति टोल विकास संस्थाका अनुभवी व्यक्तिहरुलाई चयन गरी सार्वजनिक खरिद प्रक्रिया सम्बन्धी अभिमुखीकरण तालिम उपलव्ध गराईनेछ।

24. आयोजनाको लागत अनुमान, नियमित निरीक्षण तथा मुल्यांकन प्रक्रियालाई झन्झट रहित गर्न हप्ताको न्यूनतम २ दिन कम्तिमा सहायक स्तरको प्राविधिकबाट वडा कर्यालय बाटै सेवा उपलब्ध गराउने ब्यबस्था मिलाइने छ उपभोक्ता समितिमार्फत कार्यन्वयन हुने

आयोजनाको लागि नियमित घुम्ती टोलि मार्फत वडा कार्यालयबाट आयोजन सम्झौताको प्रवन्ध गरिनेछ

25. स्वास्थ्य उपकरण लगायत स्वास्थ्य सामाग्री भण्डारणको उपयुक्त व्यवस्था गरिनेछ।

26. दीगो विकासका राष्ट्रिय तथा अन्तराष्ट्रिय लक्षलाई आन्तरिकीकरण गर्न दिगो विकासका सूचकहरुमा नगरपालिकाको वस्तुगत अवस्थाको अध्ययन गरिनेछ। विद्यामान सूचकहरुको आधारमा नगरस्तरका उन्नत सूचकहरु निर्धारण गरी लक्षप्राप्तिका लागि नगरपालिकाका क्रियाकलापहरु सामायोजन तथा आन्तरिकीकरण गरिनेछ।

27. नगरको अर्थतन्त्रको यथार्थ चित्रण गर्न र आर्थिक विकासका क्रियाकलापहरुलाई लक्षोन्मुख गराउन धुलिखेल नगरको समग्र अर्थतन्त्र (Micro Economic status ) को अवस्था अध्ययन गरिनेछ। सोको आधारमा आर्थिक विकासका गतिविधिहरु निर्धारित गरिनेछ।